**Journal of Research in Education (JoRE)**
**ISSN:** 3059-9741
**Published by:** Journal of Research in Education (JoRE)
**A Multidisciplinary Peer Reviewed Open Access Journal**
**Email:** jore.centralcampus@gmail.com
Website: http://education.fwu.edu.np/

# माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखन क्षमता

**डा.ओमप्रकाश आचार्य**
**उपप्राध्यापक**
**त्रिभुवन विश्वविद्यालय**
omacharya3851@gmail.com

**लेखसार**

*मानव जीवनका दैनिक व्यवहार संचालनका लागि आवश्यक लिखित अभिव्यक्ति व्यावहारिक लेखनसँग सम्बन्धित हुन्छ । दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरु व्यावहारिक हुन् । व्यावहारिक लेखन अन्तर्गत चिठीः व्यक्तिगत, कार्यालयीय, व्यावसायिक, निवेदन, सूचना, विज्ञापन, रसिद, भर्पाइ, मन्जुरीनामा, निर्णयपुस्तिका लेखन, व्यक्तिगत विवरण पर्दछन् । नेपालको शैक्षिक संरचना अनुरुप माध्यमिक तह विद्यालय तह हो । कक्षा ९ देखि कक्षा १२ सम्मको कक्षागत तहलाई माध्यमिक तह भनिन्छ । कक्षा १० उत्तीर्ण भएपछि एस.इ.इ. ( सेकेन्डरी एजुकेसन इग्जामाइनेसन ) को परीक्षा हुने गर्दछ । यस परीक्षामा उत्तीर्ण भएपछि कक्षा ११ मा अध्ययन गर्न पाइन्छ । यस अध्ययनमा कक्षा १० लाई केन्द्रविन्दुमा राख्दै एस.इ.इ.को परीक्षा दिन तयारी अवस्थामा रहेका विद्यार्थीहरुको व्यावहारिक लेखन अन्तर्गत शुभकामना पत्र लेखन क्षमता के कस्तो छ ? उनीहरुमा देखापरेका शुभकामना पत्र लेखनका मूलभूत समस्याहरु के के छन् ? समस्या समाधान के कसरी गर्न सकिन्छ ? भन्ने जिज्ञासा एवम् अनुसन्धेय प्रश्नमा आधारित भई माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखन क्षमताको पहिचान गर्नु, शुभकामना पत्र लेखनमा आइपरेका समस्याहरु उल्लेख गर्नु, समस्या समाधानका उपाय सुझाउनु र शुभकामना पत्र लेखनको क्षमता अभिवृद्धि गर्नु जस्ता उद्देश्यमा यो अध्ययन केन्द्रित रहेकोछ । क्षेत्रगत भ्रमण अध्ययन विधि अवलम्बन गरिएको यस अनुसन्धानमा उद्देश्यपरक ढङ्गबाट नमुना छनोट गरी परीक्षण गरिएको छ । जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकाका ४ वटा सामुदायिक माध्यमिक विद्यालयका ३० जना विद्यार्थीका दरले जम्मा १२० जना विद्यार्थीहरु नमुनाका रुपमा रहनेछन् । १२० जना विद्यार्थीहरुमा शुभकामना पत्र लेखन क्षमताको प्रश्नावलीका सहायताबाट परीक्षण गरी शुभकामना पत्र लेखन प्रत्येक विद्यार्थीको विश्लेषण गरी क्षमतालाई प्रतिशतमा राखिएकोछ ।*

**मुख्य शब्दावली** : *व्यावहारिक, शिक्षण, सिकाइ, प्रयोगपरक, सैद्धान्तिक ।*

## परिचय

व्यावहार संचालनका लागि व्यावहारिक लेखन आवश्यक पर्दछ । मानिसका व्यावहारिक जीवनसँग सम्बन्धित लेखनलाई व्यावहारिक लेखन भनिन्छ (ओझा,२०७५पृ. ३५) । व्यावहारिक लेखन औपचारिक प्रकृतिको लेखन हो । निवेदन, सूचना, विज्ञापन लगायत व्यवहार संचालनका क्रममा समाजसँगको व्यवहार, कार्यालयसँगको व्यवहार व्यावहारिक लेखनमा पर्दछ । घरायसी र कार्यालयीय चिठी , विभिन्न प्रयोजनका निवेदन, सूचना, विज्ञापन, रसिद, भर्पाइ, मन्जुरीनामा, समवेदना, शुभकामना, बधाई, निर्णय पुस्तिका लेखन व्यावहारिक लेखनका नमुना हुन् (ओझा,२०७५पृ. ३५) । व्यावहारिक लेखन निश्चित ढाँचामा हुने गर्दछ । ढाँचामा आधारित लेखन जटिल प्रकृतिको हुन्छ । ढाँचाभन्दा फरक तरिकाले लेखिएको लेखन प्रभावकारी मानिदैन । भाषामा यस्ता व्यावहारिक लेखनको शिक्षण सिकाइ गरिन्छ । नेपाली भाषा नेपालको सरकारी कामकाजको, साझा सम्पर्कको भाषा हो । नेपाली भाषामा दैनिक व्यवहार गर्न सक्षम वनाउन विद्यालयदेखि विश्वविद्यालय तहसम्मका तह कक्षामा नेपाली विषयलाई अनिवार्य विषयका रुपमा पठनपाठन गरिदै आएको छ । माध्यमिक तहमा नेपाली भाषाका चार भाषिक सीप ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ ) मा निपूर्ण बनाउन नेपाली विषयलाई अनिवार्य विषयका रूपमा पठनपाठन गरिन्छ । लेखाइ भाषाको चौथो र अन्तिम प्रदानात्मक भाषिक सीप हो । यही भाषिक सीपसँग व्यावहारिक लेखन सम्बन्धित छ । माध्यमिक तहको एस. इ.इ. पार गर्ने अवस्थाको कक्षामा अध्ययनरत विद्यार्थीहरुमा शुभकामना पत्र लेखन क्षमताको अध्ययन गरिएको छ । एस.इ.इ. उत्तीर्ण गर्ने अवस्थामा पुग्दा समेत शुभकामना पत्र लेखनमा विद्यार्थीहरु अलमलिएको स्थितिमा उनीहरुको स्तर अनुरुपको शुभकामना पत्र लेखनमा रहेको दक्षता र क्षमताको यस अध्ययनमा खोजी गरिएको छ । उनीहरु शुभकामना पत्र लेखनमा कति सक्षम छन् ? उनीहरुमा शुभकामना पत्र लेखनका समस्या के के हुन् ? यस्ता लेखनगत समस्या समाधानका उपायहरु के के हुनसक्छन् ? शुभकामना पत्र लेखनमा दक्षता कसरी हासिल गर्न सकिन्छ ? भन्ने विषयमा केन्द्रित भएर अनुसन्धान गर्न आवश्यक भएकोले माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखन क्षमताको अनुसन्धान गरिएको छ ।

माध्यमिक तहका विद्यार्थीहरुले नेपाली भाषामा निर्धारित निश्चित ढाँचाको शुभकामना पत्र लेख्न सक्छन् कि सक्दैनन् ? भन्ने प्रश्न नै यस अनुसन्धानको मुख्य प्रश्न हो । यस अनुसन्धानात्मक लेखमा प्रस्तुत अनुसन्धानात्मक प्रश्नहरु : व्यवहारका लागि शुभकामना पत्र लेखन क्षमता कस्तो छ ? व्यावहारिक लेखनमा भाषिक शुद्धता कस्तो छ ? शुभकामना पत्र लेखनमा आइपरेका समस्याहरु के के हुन् ? शुभकामना पत्र लेखनमा देखापरेका समस्याहरुको समाधानका उपायहरु के के हुन् ? भन्ने यस अनुसन्धानका अनुसन्धानात्मक

प्रश्न हुन् । माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखन क्षमता कस्तो छ भन्ने विषय नै यस अनुसन्धानात्मक लेखको मुख्य समस्या हो । यसका अतिरिक्त शुभकामना पत्र लेखन क्षमतासँग सम्बन्धित विशिष्ट समस्याहरु पनि छन् : माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखन क्षमता कस्तो छ ? शुभकामना पत्र लेखनमा आइपरेका समस्याहरु के के हुन् ? देखापरेका समस्याहरुको समाधानका उपायहरु के के हुनसक्छन् ? शुभकामना पत्र लेखन सम्बन्धी क्षमता अभिवृद्धिका लागि के के गर्न सकिन्छ ? भन्ने समस्यामा यो अनुसन्धान कार्य केन्द्रित छ । माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखन क्षमताको अध्ययन गर्नु यस अनुसन्धानात्मक लेखको मुख्य उद्देश्य हो । यस लेखका थप विशिष्ट उद्देश्यहरु पनि छन् : माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखन क्षमताको अध्ययन गर्नु , शुभकामना पत्र लेखन क्षमतामा आइपरेका समस्याहरु खोजी गर्नु, शुभकामना पत्र लेखनमा आइपरेका समस्याहरुको समाधानका उपायहरु सुझाउनु र शुभकामना पत्र लेखन क्षमता अभिवृद्धि गर्न मद्दत गर्नु यस अनुसन्धानको उद्देश्य हो ।

भाषाका माध्यमबाट दैनिक व्यवहार हुने गर्दछ । नेपालको विद्यालय तहको शिक्षामा नेपाली भाषालाई नेपाली विषयका रुपमा पठनपाठन गरिदै आएको छ । भाषाका चार सीपमा निपूर्ण गराउनु यसको उद्देश्य हो । माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखन क्षमताको अध्ययन गरी तहगत रुपमा शुभकामना पत्र लेखन क्षमता हुनुपर्ने जतिको विकास भए नभएको यस अध्ययनबाट पत्ता लाग्नेछ । माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखन क्षमताको अध्ययन गरिएको छ । उनीहरुको लेखनमा देखिएका समस्या र समाधानका लागि उपायहरु समेत सुझाउन सकिने भएकाले यस अध्ययनको औचित्य/महत्व अत्यधिक छ। भाषाका सन्दर्भमा, शुभकामना पत्र लेखनका सन्दर्भमा, शिक्षण सिकाइका सन्दर्भमा, पाठ्क्रमका सन्दर्भमा, पाठ्पुस्तकका सन्दर्भमा यस अध्ययनको औचित्य एवम् महत्व पुष्टि हुन्छ । यो अध्ययन माध्यमिक तहमा केन्द्रित रहेको छ । माध्यमिक तहका विद्यार्थीहरुको नेपाली भाषाको शुभकामना पत्र लेखन क्षमतामा सीमित रहेको छ । माध्यमिक तहको कक्षा दशमा आधारित छ । व्यावहारिक लेखनको शुभकामना पत्र लेखनमा सीमित रहेको छ । यो अध्ययन भाषिक शुद्धता, विषय अनुरुप प्रस्तुति एवम् संरचनामा केन्द्रित छ । यस अध्ययनको क्षेत्र जुम्ला जिल्लाको चन्दननाथ नगरपालिका भौगोलिक क्षेत्र रहेको छ ।

## पूर्वकार्यको पुनरावलोकन

भाषाको शिक्षण सिकाइमा लेखाइ सीपमा शुभकामना पत्र लेखन पर्दछ । यस सम्बन्धी भएका पूर्वकार्यको पुनरावलोकन गर्दा भाषा शिक्षण र लेखाइ सीपसम्बद्ध अध्ययन अनुसन्धानको पुनरावलोकन गरिएको छ ।

अधिकारी (२०५३) द्वारा **भाषा शिक्षण** पुस्तकमा नेपाली भाषाको शिक्षण सिकाइका सम्बन्धमा लेखन सीपका बारेमा सैद्धान्तिक आधार उल्लेख गरिएको छ । यसमा नेपाली भाषाको लेखन सीपको ढाँचा, लेखन सीपको शिक्षण सिकाइ प्रक्रिया एवम् नेपाली भाषा शिक्षण सिकाइसम्बन्धी विधि प्रक्रिया उल्लेख गरिएको छ । कक्षागत वा तहगत लेखन सीपका सम्बन्धमा कुनै उल्लेख गरिएको छैन ।

आचार्य (२०६९) द्वारा **म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । यसमा म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुमध्येबाट सोद्देश्यमूलक नमुना छनोट विधि अवलम्बन गरी मिश्रित ढाँचामा रहेर अनुसन्धान गरिएको छ । यस अध्ययनबाट विद्यार्थीहरु निवेदन लेखनको संरचना, प्रस्तुति र भाषिक सीपमा कमजोर रहेको निष्कर्ष देखिएको छ । प्रस्तुत अध्ययनमा निवेदन क्षमताको अभिवृद्धिका उपाय समेत सुझाइएको छ । निवेदन लेखनका सम्बन्धमा यसको शिक्षण सिकाइ विधि प्रक्रिया, लेखनगत समस्या र समाधानका उपायहरु उल्लेख गरिएको छ । यस अनुसन्धानले लेखन सीपको अध्ययन गरेतापनि शुभकामना लेखन क्षमताको अध्ययनको खाँचो औंल्याएको छ ।

घर्ती (२०६९) द्वारा **रुकुम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान गरिएको छ । रुकुम जिल्लाका पाँचवटा विद्यालयलाई नमुनाका रुपमा छनोट गरी कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन गरिएको छ । यो अध्ययन मिश्रित ढाँचाको छ । अध्ययनको निष्कर्ष ५० प्रतिशतभन्दा बढी विद्यार्थीहरु लेखन सीमा कमजोर देखिएको देखिएको छ । यो लेखन सीप परीक्षणको महत्वपूर्ण अध्ययन हो ।

जोशी (२०७३) द्वारा **बझाङ् जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरुको सूचना लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य भएको छ । सूचना सम्प्रेषणका लागि तयार गरिने ढाँचाका सम्बन्धमा गरिएको यस अनुसन्धानले कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरुमा समेत लेखन सीप क्षमताको अभाव रहेको निष्कर्ष उल्लेख गरिएको छ । सूचनाको ढाँचा, त्यसको संरचना र विषय प्रस्तुतिको तालमेलमा प्रभावकारिताको कमजोरी विद्यार्थीहरुमा रहेको अध्ययनको सार छ । लेखनमा देखिएका समस्या र समाधानका उपाय समेत यस अध्ययनमा उल्लेख गरिएको छ ।

माध्यमिक तहका विद्यार्थीहरुको भाषिक क्षमता, लेखाइ सीपका सम्बन्धमा गरिएका पूर्वकार्यले यस अनुसन्धानका सम्बन्धमा सैद्धान्तिक आधार तयार गर्न मद्दत गरेको छ । पूर्वकार्यको पुनरावलोकन पश्चात माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखन सम्बन्धी अनुसन्धान भएको देखिदैन । यी अध्ययनले भाषा शिक्षण सिकाइ सिद्धान्तका आधारमा रहेर शुभकामना पत्र लेखन क्षमताको अध्ययन गर्न मद्दत पुगेको छ ।

## अध्ययन विधि

यस अनुसन्धानात्मक लेखमा क्षेत्रगत भ्रमण विधि अवलम्बन गरिएको छ । यो गुणात्मक र परिमाणात्मक सहितको मिश्रित अनुसन्धान ढाँचामा माध्यमिक तहका विद्यार्थीको शुभकामना पत्र लेखन क्षमताको अनुसन्धानात्मक लेख सम्पन्न गरिएकोछ । परिमाणात्मक अनुसन्धान ढाँचामा शूक्ष्म सांख्यिकिको समेत प्रयोग गरिएको छ । यस अनुसन्धानको जनसंख्या जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकामा संचालित सामुदायिक माध्यमिक विद्यालयमा कक्षा दशमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु यस अध्ययनमा जनसंख्याका रुपमा रहेका छन् । यस अनुसन्धानात्मक लेखका लागि प्राथमिक र द्बितीय तथ्याङ्कका स्रोतहरु रहने छन् । प्राथमिक स्रोत अन्तर्गत प्रत्यक्ष भेटघाट, प्रश्नावली रहनेछ भने द्बितीय स्रोत अन्तर्गत शुभकामना पत्र लेखन सम्बद्ध सामग्री छन् । यस अध्ययनको नमुना छनोट उद्देश्यमूलक रहेको छ । चन्दननाथ नगरपालिकामा संचालित ६ वटा माध्यमिक विद्यालय मध्ये दुरीका आधारमा जम्मा ४ वटा सामुदायिक माध्यमिक विद्यालय छनोट गरिएको छ । उक्त विद्यालयमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुलाई गोलाप्रथाका आधारमा छात्र/छात्राहरु मध्येबाट प्रति विद्यालय ३० जना विद्यार्थीका दरले ४ वटा विद्यालयबाट १२० जना विद्यार्थी अध्ययनका लागि नमुनाका रुपमा छनोट गरिएको छ । यस अध्ययनको प्रमुख सामग्री भनेको प्रश्नावली हो । शुभकामना पत्र लेखनका नमुना प्रस्तुत गर्न लगाइएको छ । शिक्षकका लागि समेत शुभकामनाको शिक्षण, सिकाइ सन्दर्भमा आधारित भएर प्रश्नावली तयार पारिएको छ । यस अनुसन्धानको व्याख्या विश्लेषण प्रक्रिया वर्णनात्मक र विश्लेषणात्मक छ । विद्यार्थीहरुको शुभकामना लेखनको संरचना, भाषिक शुद्धता ( लेखाइ सीप ) विषय अनुरुप प्रस्तुतिलाई आधार मानेर मूल्याङ्कन गरी प्रत्येक शुभकामना पत्र लेखन क्षमतालाई प्रतिशतमा तालिकीकरण गरी त्यसको विश्लेषण गरी प्रतिशतमा नतिजा प्रकाशित गरिएको छ । साथै शिक्षकले भरेको प्रश्नावलीका आधारमा शिक्षण सिकाइ प्रक्रियाका सम्बन्धमा समेत प्राप्त तथ्याङ्कका आधारमा वर्णनात्मक र विश्लेषणात्मक रुपले विश्लेषण गरिएको छ ।

## परिणाम/छलफल

### (अध्ययनको विश्लेषण )

यस अनुसन्धानमा माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखनका सम्बन्धमा रहेको भाषिक लेखन सीपको आन्तरिक संरचनाका आधारमा, विषयवस्तुको प्रस्तुति, व्याकरणिक तत्वका आधारमा लेखन क्षमताको अध्ययन गरिएको छ ।

## शुभकामना पत्र लेखन

व्यावहारिक लेखनको एक महत्वपूर्ण लेखन शुभकामना पत्र लेखन हो । शुभकामना आदान प्रदानका लागि औपचारिक रुपले लेखिने ढाँचामा आधारित भएर माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुले लेख्न सक्छन् कि सक्दैनन् भनेर आन्तरिक संरचना, विषयवस्तुको

प्रस्तुति, व्याकरणिक तत्वमा केन्द्रित भएर अध्ययन गरिएको छ । **श्री कर्णाली मा. वि. जुम्लाका कक्षा १० का विद्यार्थीहरुको शुभकामना पत्र लेखन क्षमता यसप्रकारको छ ।**

**तालिका १ शुभकामना पत्र लेखनमा आन्तरिक संरचनात्मक क्षमता**

| आन्तरिक संरचनात्मक एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| मिति | १८ | १२ | ३० | ६० | |
| विषय | २५ | ५ | ३० | ८३.३३ | |
| सम्बोधन | २० | १० | ३० | ६६.६६ | |
| संरचना | ११ | १९ | ३० | ३६.६६ | |
| शैली | ९ | २१ | ३० | ३० | |

आन्तरिक संरचनामा मिति लेखन, विषयवस्तुको उल्लेख, सम्बोधन, संरचना र शैलीका आधारमा अध्ययन गर्दा कुन मितिमा के को शुभकामना हो स्पष्ट उल्लेख गर्ने विद्यार्थीहरु थोरै मात्रामा छन् । सम्बोधन सहितको शुभकामनात्मक संरचना समेत मिलेको छैन । शुभकामनाको संरचनामा रहेर लेख्ने जम्मा ३६ प्रतिशत विद्यार्थीहरु छन् भने अन्य विद्यार्थीहरुले मनगढन्ते संरचना तयार पारेका छन् । शुभकामनाको शैली हार्दिक मंगलमय दीर्घायु सुस्वास्थ्यको कामनाको हुनुपर्दछ । यसरी लेख्न सक्ने विद्यार्थीहरु ३० प्रतिशत छन् । ७० प्रतिशत विद्यार्थीहरुले आ आफ्नै मनगढन्ते रुपमा हार्दिक शैलीको अभावमा तयार पारेका छन् । तिम्रो सुखद जन्मदिनको अवसरमा बधाइ छ । म भगवानसँग लामो आयुको शुभकामना गर्दछु जस्ता वाक्यहरु प्रयोग गरिएको छ । शुभकामना लेखनमा ५५.३३ प्रतिशत विद्यार्थीहरु आन्तरिक संरचनात्मक लेखनमा सक्षम छन् भने ४४.६७ प्रतिशत विद्यार्थीहरु कमजोर रहेका छन् ।

## विषयवस्तुको प्रस्तुति

शुभकामना पत्र लेखनमा विषयवस्तुको प्रस्तुति महत्वपूर्ण हुन्छ । सुसंगठित प्रस्तुतिबाट आकर्षक शुभकामना तयार हुनेगर्दछ । शुभकामना पत्रको विषयवस्तुगत प्रस्तुतिमा सन्देश, प्रस्तुति, भाषा, विषयवस्तुको क्रम, समापन मिलेको हुनुपर्दछ । **श्री कर्णाली मा. वि. जुम्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको शुभकामना लेखनमा विषयवस्तुगत प्रस्तुति क्षमता यसप्रकारको छ ।**

**तालिका २ शुभकामना पत्र लेखनमा विषयवस्तुगत प्रस्तुति क्षमता**

| विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| सन्देश | २५ | ५ | ३० | ८३.३३ | |
| प्रस्तुति | १६ | १४ | ३० | ५३.३३ | |
| भाषा | २३ | ७ | ३० | ७६.६६ | |
| विषयवस्तुको क्रम | १६ | १४ | ३० | ५३.३३ | |
| समापन | १८ | १२ | ३० | ६० | |

माध्यमिक तह कक्षा १० मा अध्ययनरत श्री कर्णाली मा. वि. अनामनगर, जुम्लाका विद्यार्थीहरुले शुभकामना पत्र लेखनको विषयवस्तुगत प्रस्तुतिमा जन्मदिनको शुभकामना सन्देश स्पष्ट रुपमा लेख्न सकेका छन् भने प्रस्तुतिमा ५३.३३ प्रतिशत विद्यार्थी मात्र सक्षम छन् । बाँकी विद्यार्थीहरुले प्रस्तुतिलाई खजमज्याएर लेखेका छन् । तिमीलाई अब १६ वर्षको यस साल शुभ होस् भन्ने भन्न चाहन्छु । यति भन्दै कलम यही रोके । म तिम्रो गाउँमा आउन नसकेका कारण यो पत्र लेखेको छु । जस्तो अभिव्यक्ति प्रस्तुत गरिएको छ । भाषागत रुपमा जुम्ली भाषाको प्रभाव परेको छ । जन्मदिनको शुभकामनाको विषयवस्तुगत क्रम, शुभकामनात्मक अभिव्यक्ति लेख्न सक्ने विद्यार्थीहरुको संख्या थोरै छ । जन्मदिनको शुभकामना पत्र लेखनमा विषयवस्तुगत प्रस्तुति क्षमता ६५.३३ प्रतिशत विद्यार्थीहरुमा मात्र छ । ३४.६७ प्रतिशत विद्यार्थीहरुमा विषयवस्तुगत प्रस्तुति क्षमता कमजोर रहेको छ ।

**व्याकरणिक तत्व**

लेखनमा व्याकरणिक तत्वको महत्वपूर्ण हुन्छ । शब्दभण्डार, वर्णविन्यास, संगति, वाक्यगठन र अनुच्छेदगठन व्याकरणिक पक्षका महत्वपूर्ण पक्ष हुन् । शुभकामना पत्र लेखनमा व्याकरणिक तत्वभित्र यिनै पक्षहरु उपयुक्त ढङ्बाट प्रस्तुत भएको हुनुपर्छ । **श्री कर्णाली मा. वि. अनामनगर, जुम्लाका माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुको शुभकामना पत्र लेखनमा व्याकरणिक तत्वगत क्षमता यसप्रकारको छ ।**

**तालिका ३ शुभकामना पत्र लेखनमा व्याकरणिक तत्वगत क्षमता**

| व्याकरणिक तत्वगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| शब्दभण्डार | १७ | १३ | ३० | ५६.६६ | |
| वर्णविन्यास | १६ | १४ | ३० | ५३.३३ | |
| सङ्गति | १६ | १४ | ३० | ५३.३३ | |
| वाक्यगठन | १५ | १५ | ३० | ५० | |
| अनुच्छेदगठन | १४ | १६ | ३० | ४६.६६ | |

श्री कर्णाली मा. वि. जुम्लाका विद्यार्थीहरुमा शुभकामना पत्र लेखनमा व्याकरणिक तत्वको अध्ययन गर्दा शब्दभण्डारगत क्षमता कमजोर रहेको छ । वर्णविन्यासगत त्रुटि यथेष्ट पाइन्छ । मङगलायम, शुभकामन, तीमी, भने जस्ता त्रुटि रहेका छन् । तिमी कहिलै पनि दुखी नहोस्, राम्रो देशको सगरमाथा झै म भगवानसँग तिम्रो आयुको शुभकामना गर्दछु जस्ता सङगतिगत र वाक्यगठनगत त्रुटि गरेका छन् । जन्मदिनको पावन अवसरमा साथीलाई शुभकामना दिदा साथीको नाम, जँमदिनको मिति, दिर्घायु, उत्तरोत्तर प्रगति उन्नति सुस्वास्थ्यको कामना सहितको अनुच्छेद तयार पार्नु पर्ने हो त्यसो नभएर तिम्रो जन्मदिनको अवसरमा म तिम्रो गाउँ आगनमा आउन पाएको छु । जस्तो लेखाइ विद्यार्थीले लेखेका छन् जसमा व्याकरणिक तत्वको अभाव रहेको छ । यसरी शुभकामना पत्र लेखनमा व्याकरणिक तत्वगत क्षमता भएका विद्यार्थीहरु ५२ प्रतिशत मात्र छन् भने ४८ प्रतिशत विद्यार्थीहरु व्याकरणिक तत्वगत लेखन क्षमता कमजोर भएका छन् ।

## शुभकामना पत्र लेखन

व्यावहारिक लेखन क्षमताभित्र शुभकामना पत्र लेखन पनि पर्दछ । शुभकार्य, शुभअवसरमा आफन्तजन, प्रियजनलाई शुभआषिश सहित लेखिन्छ । शुभकामना पत्र लेखनमा रहने आन्तरिक संरचना, विषयवस्तुको प्रस्तुति र व्याकरणिक तत्वका आधारमा **श्री चन्दननाथ मा. वि. का कक्षा १० का विद्यार्थीहरुको लेखन क्षमता यसप्रकार अध्ययन गरिएको छ ।**

## आन्तरिक संरचना

शुभकामना लेखनमा आन्तरिक संरचना महत्वपूर्ण हुन्छ । जन्मदिनको अवसरमा साथीलाई लेख्ने शुभकामना पत्र लेखनमा मिति, विषय, सम्बोधन, संरचना र शैलीमा केन्द्रित भएर शुभकामना पत्र लेखनको परीक्षण गर्दा **श्री चन्दननाथ मा. वि. जुम्लाका विद्यार्थीहरुको लेखन क्षमता यसप्रकारको छ ।**

**तालिका ४ शुभकामना पत्र लेखनमा आन्तरिक संरचनात्मक क्षमता**

| आन्तरिक संरचनात्मक एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| मिति | २० | १० | ३० | ६६.६६ | |
| विषय | २४ | ६ | ३० | ८० | |
| सम्बोधन | २२ | ८ | ३० | ७३.३३ | |
| संरचना | १४ | १६ | ३० | ४६.६६ | |
| शैली | १३ | १७ | ३० | ४३.३३ | |

आफ्ना साथीको जन्मदिनको अवसरमा साथीलाई दिने शुभकामनाको पत्र लेखनमा जन्मदिको मितिको कुरा नै उल्लेख गरेका छैनन् । केहि विद्यार्थीहरुले के को शुभकामना हो उल्लेख गर्न बिर्सेका छन् । कतिले साथीलाई सम्बोधन नै गरेका छैनन् । शुभकामना पत्रको संरचना समेत नमिलाएर लेखेका छन् । मनगढन्ते रुपमा अनुच्छेद भर्ने गरेका छन् । भावनात्मक शैलीको बढी प्रयोग भएको छ । श्री चन्दननाथ मा. वि. जुम्लाका माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुको शुभकामना पत्र लेखनमा आन्तरिक संरचनात्मक लेखन क्षमता ६२ प्रतिशत विद्यार्थीहरुमा छ भने ३८ प्रतिशत विद्यार्थीहरुमा आन्तरिक संरचनात्मक लेखन क्षमता कमजोर रहेको छ ।

## विषयवस्तुको प्रस्तुति

जन्मदिनको शुभकामना दिदा विषयवस्तुगत प्रस्तुतिमा सन्देश, प्रस्तुति, भाषा, विषयवस्तुको क्रम र समापन सुगठित हुनुपर्दछ । आफ्ना साथीको जन्मदिनको अवसरमा शुभकामना पत्र लेखन परीक्षण गर्दा **श्री चन्दननाथ मा. वि. जुम्लाका विद्यार्थीहरुको शुभकामना पत्र लेखनमा विषयवस्तुको प्रस्तुतिगत क्षमता यसप्रकार छ ।**

**तालिका ५ शुभकामना पत्र लेखनमा विषयवस्तुगत प्रस्तुति क्षमता**

| विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| सन्देश | २६ | ४ | ३० | ८६.६६ | |
| प्रस्तुति | १२ | १८ | ३० | ४० | |
| भाषा | २५ | ५ | ३० | ८३.३३ | |
| विषयवस्तुको क्रम | १३ | १७ | ३० | ४३.३३ | |
| समापन | १३ | १७ | ३० | ४३.३३ | |

विषयवस्तुको प्रस्तुतिमा सन्देश के दिन खोजेको हो केही विद्यार्थीहरु अस्पष्ट छन् । अधिकाशं विद्यार्थीहरुले गन्थनमन्थन नै बढी लेखेका छन् । जन्मदिनको अवसरमा सुस्वास्थ्य, दीर्घायु, समुज्वल भविष्यको कामनाको प्रस्तुति ४० प्रतिशत विद्यार्थी मात्र रहेका छन् । केही विद्यार्थीहरुले अनादरको प्रयोग पनि गरेका छन् मेरो प्या ो साथी त सधै प्यारो रहनु जस्ता अभिव्यक्ति दिएका छन् भने विषयवस्तुको क्रम मिलाएर लेख्नसक्ने विद्यार्थीहरु समेत कम मात्रामा छन् । शुभकमना पत्रको सुभारम्भदेखि समापन सम्म सुगठित ढङ्गबाट विषयवस्तुको प्रस्तुतिगत लेखन क्षमता भएका विद्यार्थीहरु ५९.३३ प्रतिशत मात्र रहेका छन् ।

## व्याकरणिक तत्व

लेखाइ सीपमा भाषाको व्याकरणिक पक्षको महत्वपूर्ण भूमिका रहने गर्दछ । शुभकामना पत्र लेखनमा व्याकरणिक तत्वका आधारमा लेख्नसक्ने क्षमताको परीक्षण गर्दा **श्री चन्दननाथ मा. वि. जुम्लाका कक्षा १० का विद्यार्थीहरुको लेखन क्षमता यसप्रकारको छ ।**

**तालिका ६ शुभकामना पत्र लेखनमा व्याकरणिक तत्वगत क्षमता**

| व्याकरणिक तत्वगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| शब्दभण्डार | १८ | १२ | ३० | ६० | |
| वर्णविन्यास | ११ | १९ | ३० | ३६.६६ | |
| सङ्गति | १६ | १४ | ३० | ५३.३३ | |
| वाक्यगठन | १५ | १५ | ३० | ५० | |
| अनुच्छेदगठन | १४ | १६ | ३० | ४६.६६ | |

जन्मदिनको शुभकामना पत्र लेखनमा व्याकरणिक तत्वको मूल्याङ्कन गर्दा कथ्यगत जुम्ली भाषाका शब्दावलीको बढी प्रयोग गरेका छन् । भयेको, पचुतो, ताड्नसक्नु, उजल जस्ता कथ्यगत शब्दको प्रयोग भएको छ । वर्णविन्यासमा बढी नै कमजोर रहेका छन् । मोरो मनदेखि, प्राथना, गदछु, आजा, शुभकाना, पनी, सुगशान्ति, तिमि, सम्बिधि जस्ता त्रुटि गर्ने विद्यार्थीहरु ६० प्रतिशत जति रहेका छन् । तिमि भविष्यमा ठूलो मान्छे वनोस् भन्ने कामना गदछु जस्तो सङतिगत त्रुटि भएको छ भने तिमिले राम्रोसँग जन्मदिन मनाएको होस् भन्ने कामना, तिम्रो जन्म हुँदा म तिमीलाई हार्दीक शुभकामना व्यक्त गदछु । तिमीले सोचेको मनोकामना पुरा हुन् तिमीले भन्नेकुरा पनि पुरा हुन् भन्ने भगवानले तेरो इच्छा पुरा

## शुभकामना पत्र लेखन

शुभकामना पत्र लेखन लाई आन्तरिक संरचना विषयवस्तुको प्रस्तति र ब्याकरणिक तत्वका आधारमा अभ्ययन गरिएको छ ।आकर्ष्क र प्रभावकारी शुभकामनामा यी तीन क्षेत्रको उचित प्रस्तुति हुनपर्दछ । **श्री जनता मा.वि. महतगाँउ जुम्लाका माध्यामिक तह कक्षा १० का विद्यार्थीहरुको शुभकामना पत्र लेखनमा रहेको आन्तरिक संरचनात्मक पक्ष विषयवस्तुको प्रस्तुती र लेखनमा रहेको ब्याकरणिक तत्वलाई यस प्रकार अध्ययन गरिएको छ ।**

## आंन्तरिक संरचना

शुभकामनामा आन्तरिक पक्ष्मा रहेको मिति ,सम्बोधन विषय , संरचना र शैली हुन् । यी नै आधारमा विद्यार्थीहरुको लेखन क्षमता यस प्रकारको रहेको छ ।

तालिका ७ शुभकामना पत्र लेखनमा आन्तरिक संरचना

| | आन्तरिक संरचनात्मक एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | मिति | १३ | १२ | २५ | ५२ % | |
| | सम्वोधन | १९ | ६ | २५ | ७६ % | |
| | विषय | २५ | - | २५ | १०० % | |
| | संरचना | १० | १५ | २५ | ४० % | |
| | शैली | ९ | १६ | २५ | ३६ % | |
| | सम्वोधन | ६० % | ३९ ।२ % | | | |

श्री जनता मा.वि. का विद्यार्थीहरुको शुभकामना पत्र लेखनमा आन्तरिक संरचना अर्न्तगत मिति लेखन कतिले छोडेका छन् भने केहीले अंग्रेजी अङ्कमा लेखेका छन् जन्मदिनको पावन अवसरमा कुन साथीलाई हो सम्बोधन गर्न केही विद्यार्थी ले विर्सेका छन । विषय भने जन्मदिनको शुभकामनाको सर्न्दभ सबैले लेखेका छन । शुभकामना पत्रको संरचना र शैली उपयुक्त ढङ्गले लेख्न सक्ने विद्यार्थीहरु पनि सक्ने मात्रामा छन् । शुभकामना पत्रको आन्तरिक संरचनामा आधारित भएर लेख्न सक्ने क्षमता भएका विद्यार्थीहरु औसतमा ६०.८ % मात्र छन भने लेखन क्ष्मता कमजोर भएका विद्यार्थीहर औसतमा ३९.२ % रहेका छन् ।

## विषयवस्तुको प्रस्तुति

माध्यमिक तहका विद्यार्थीहरुको शुभकामना पत्र लेखनका सिलसलामा विषयवस्तु अनुसारको प्रस्तुति कस्तो रहेको छ भन्ने सम्बन्धमा यस अनुसन्धानमा अध्ययन गरिएको छ । यसमा विषयवस्तुका आधारमा शुभकामना पत्र लेखन क्षमताको अध्ययन गरिएको छ ।

**तालिका ८ शुभकामना पत्र लेखनमा विषयवस्तुको प्रस्तुति**

| | विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | सन्देश | २२ | १६ | २५ | ८८ % | |
| | प्रस्तुती | ९ | १७ | २५ | ३६ % | |
| | भषा | ८ | १५ | २५ | ३२ % | |
| | विषयवस्तुको कम | १० | १५ | २५ | ४० % | |
| | औसतमा | १० | १६ | २५ | ४० % | |
| | | ४७.२% | ५२.८% | | | |

शुभकामना पत्रको सन्देश जन्मदिनको अवसरमा आफ्ना साथी लाई शुभकामनाको नै रहेको छ । केहि विद्यार्थीहरुले के को शुभकामना हो उललेख गरेका छैनन् । शुभकामना पत्रको प्रस्तुति जन्मदिनको अवसरमा सुस्वास्थ्य दीघायु उन्नतिको कामना सहित हुनपर्ने हो त्यसो नभएर मनगढन्ते धेरै भुमिका सहितको लेखन बढी रहेको छ । भाषा स्पष्ट हुनपर्नेमा कथ्य भाषको प्रयोग गरिएको अभिब्यक्ति दोहोरिएको सामान्य आदर तिमिको बढी प्रयोग गरिएको छ । तिम्मो दाईको सातमा पठायको छु मेरो हीदय देखी नै तिमीलाई शुभकामना गरेको छु । जस्तो अभिब्यक्ति रहेको छ । शुभकामना कसलाई दिएको, केको दिएको कसले दिएको भन्ने विषयवस्तुको क्रममा लेखन हुनुपर्नेमा यस्तो लेखन कम मात्रमा पाईन्छ । लेखन खजमाजिएको छ । यसले समापनको क्रम पनि मिलेको कम मात्रामा छ । शुभकामना पत्र लेखनमा विषयवस्तुको प्रस्तुति मा क्षमता रहेको विद्यार्थीहरको औसतमा ४७.२ % रहेको छन् भने विषयवस्तुको प्रस्तुतिसहित लेखन क्षमता कमजोर भएका विद्यार्थीहरु औसतमा ५२.८ % रहेका छन् ।

## व्याकरणिक तत्व

भाषामा ब्याकरण रहेको हुन्छ । लिखित अभिब्यक्ति मा भाषामा लेखाई सीप देखिने भएकाले ब्याकरणिक पक्षलाई समेत ध्यानदिनु जरुरी हुन्छ । शुभकामना पत्र लेखनमा ब्याकरणिक तत्व अर्न्तगत शब्दभण्डार ,वर्णविन्यास , संङ्गति , वाक्यगठन र अनुच्छेद गठन लाई अध्ययन गरिएको छ । **श्री जनता मा.वि. महतगाउ, जुम्लाका माध्यामिक तह कक्षा १० का विद्यार्थीहरुको शुभकामना पत्र लेखनमा ब्याकरणिक तत्वगत क्षमता यस प्रकारको छ ।**

तालिका ९ शुभकामना पत्र लेखनमा व्याकरणिक तत्व

| | ब्यकरणिक तत्वगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | सन्देश | ११ | १४ | २५ | ४४ % | |
| | प्रस्तुती | ६ | १९ | २५ | २४ % | |
| | भषा | १० | १५ | २५ | ४० % | |
| | विषयवस्तुको क्रम | ११ | १४ | २५ | ४० % | |
| | औसतमा | | | २५ | ४४ % | |
| | | | | | | |

स्रोत : लेखन परीक्षण २०७६

शुभकामना पत्र लेखनको ब्याकरणिक तत्वमा शब्दभण्डारगत रुपमा विद्याथीहरु कमजोर छन् । कतिपय विद्यार्थीहरुले अंग्रेजी शब्दावलीको समेत प्रयो गरेका छन् । मामु ह्यापी वर्थ डे त कतिपयले जुम्लाी खस भाषाको कथ्यगत प्रयोगका आधारमा शब्दको लेखन गरेका छन् । तिम्मो, फलोस फुलोस, तिम्लाई, साधै वर्णविन्यासगत रुपमा धेरै विद्यार्थीहरु कमजोर छन् । छायोस, उत्तयको, छैनयौ ब्याक्त, होउस, गदछु, शुभकामना, भयकाले, जन्मदिन, थाहापाय जस्तो लेखाइ त्रुटि गरेका छन । सतुरले नजर नलागेस तिमो जन्मदिन र तिमिले सै कुरा वा चाहाना सफल होस् भनन चाहन्छु , म यहाँ सन्चै छु । च्यहा पनि तिमी कस्तो छ जस्तो सङगतिगत त्रुटि गरेका छन् । खसीका साथ तिमो आमा बुबाको आसीरवाद लि छौ भन्ने शुभकामनाको ब्यक्तित गरर्रही छु तिमिलिाई जम्मदिनको धेरै धेरै शुभकामना गर्दछु तिमिले आफ्नो जन्मदिनको शुभकामना राम्रोसंग मनाउनु है जस्तो वाक्य गठन गत त्रुटि गरेका छन् भने अनुच्छद गठनमा समेत लेखन क्षमता भएका विद्यार्थीहरु कम संख्यामा रहेका छन । यसरी शुभकामना पत्र लेखनमा ब्याकरणिक तत्वगत लेखाई क्षमता भएका विख्यार्थीहरु औसतमा ३८.४% छन भने लेखन क्षमता कमजोर भएका विद्यार्थीहरु औसतमा ६१.६% रहेका छन् ।

## शुभकामना पत्र लेखन

शुभकामना पत्र लेखनलाई आन्तरिक संरचना , विषयवस्तुको प्रस्तुति र ब्याकरणिक तत्वका आधारमा **श्री भैरव मा.वि. धुपिढुस्का माध्यामिक तह कक्षा १० का विद्यर्थीहरुको लेखन क्षमताको अध्ययन गरिएको छ ।**

## आन्तरिक संरचना

शुभकामना पत्रको आन्तरिक संरचनामा मिति , सम्बोधन , विषय, संरचना र शैलीमा केन्द्रित भएर अध्ययन गर्दा श्री भैरव मा. वि. धुपीढुस्का , जुम्लाका माध्यामिक तह कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको शुभकामना पत्र लेखनमा आन्तरिक अनुरुपको लेखन क्षमता यस प्रकारको छ ।

जन्मदिनको अवसरमा शुभकामना दिदा कुन मितिमा कसको जन्म भएकाले कुन कुन कुराको कामना सहित शुभकामना लेखिनु पर्नेमा कतिपयले सम्बोधन र मिति नै नलेखेका छन । कुन अवसरमा शुभकामना दिइएको हो यसले विषय सन्दर्भ लाई जनाउँदछ । कतिपय विद्यार्थीहरुले त्यसलाई ध्यानमा राखेका छैनन् । सम्बोधन जन्मदिनको अवसरमा सुस्वास्थ्य, दीर्घायू ,उन्नति प्रगतिको कामना शुभकामना दिने ब्याक्तिको नाम हुनपर्नेमा यस्तो संरचनाको लेखाई कम विद्यार्थीहरुले अवलम्वन गरेका छन् ।जन्मदिनको शुभकामनाको शैली अपनाउनु पर्नेमा चिट्ठीको शैली धेरै विद्यर्थीहरुले अपनाएका छन् । साथी म जहाँ भएपनि दुख नमानेर

आफ्नो जन्मदिन मनाउनु होला सधैं खुसी अनि हासेर बाच्नु प्रयोग भएको शैली हो । केही विद्यार्थीहरुले आफ्नो साथीको जन्मदिनको अवसरमा शुभकामना पत्र नै लेखेका छैनन् । यसरी श्री भैरव मा. वि. धुपीढुस्का जुम्लाका माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुको शुभकामना लेखाईमा आन्तररिक संरचनात्मक लेखन क्षमता भएका विद्यार्थीहरुमा औसतमा ३३.८% प्रतिशत रहेका छन् भने सशिुभकामना पत्रको लेखनमा आन्तरिक संरचनात्मक लेखाई क्षमता कमजोर भएका विद्यार्थीहरु औसतमा ६३.२% प्रतिशत रहेका छन् ।

तालिका १० शुभकामना पत्र लेखनमा आन्तरिक संरचना

| | आन्तरिक संरचनात्मक एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | मिति | १२ | ६ | २५ | २४ % | |
| | सम्वोधन | ११ | ७ | २५ | १६ % | |
| | विषय | १३ | ५ | २५ | २० % | |
| | संरचना | ५ | १३ | २५ | २० % | |
| | शैली | ५ | १३ | २५ | २० % | |
| | | | | | | |

**विषयवस्तुको प्रस्तुति**

**तालिका ११ शुभकामना पत्र लेखनमा विषयवस्तुको प्रस्तुति**

| | विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | सन्देश | १३ | ५ | २५ | ५२ % | |
| | प्रस्तुति | ६ | १२ | २५ | २४ % | |
| | भषा | ५ | १३ | २५ | २० % | |
| | विषयवस्तुको क्रम | ५ | १३ | २५ | २० % | |
| | समापन | ६ | १२ | २५ | २४ % | |
| | | | | | | |

जन्मदिनको अवसरमा आफ्नो साथीलाई शुभकामनाको सन्देश लेखिनु पर्नेमा केही विद्यार्थीहरुले शुभकामना मात्र भनेर लेखेका त केहीले सन्चो विसन्चोको कुरामात्र लेखेका छन् । शुभकामनात्मक प्रस्तुति नभएर तिमलाई त्या कस्तो छ यहाँ सन्चै छु चिट्ठीमूलक प्रस्तुति रहेको छ । सामान्य आदर तिमीको प्रयोग ,घुमाउरो भाषा धेरै विद्यार्थीहरुले लेखेका छन्

यहाँलाई सन्चै छ त्यहा तिमिलाई पनि सन्चै होला भन्ने आग्रह विषयवस्तुको क्रम र समापनको शृंखला एवम संरचना समेत अधिक विद्यार्थीहरुको लेखाईगत कमजोरी छ । शुभकामना पत्र लेखनमा विषयवस्तुको प्रस्तुतिगत क्षमता भएका विद्यार्थीहरु औसतमा २८% प्रतिशत छन भने विषयवस्तुको प्रस्तुतिगत क्षमतामा कमजोर विद्यार्थीहरु औसतमा ७२% प्रतिशत रहेका छन् ।

**ब्याकरणिक तत्व**

शब्दभण्डार वर्णविन्यास संङ्गति, वाक्यगठन र अनच्छेदगठनका आधारमा शुभकामना पत्र लेखनमा ब्याकरणिक तत्वगत लेखन क्षमताको अध्ययन गरिएको छ । **श्री भैरव मा.वि. धुपिढुस्का जुम्लाका माध्यामिक तह कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको शुभकामना पत्र लेखनमा ब्याकरणिक तत्वगत क्षमता यस प्रकारको छ ।**

तालिका १२ शुभकामना पत्र लेखनमा ब्याकरणिक तत्वगत क्षमता

| | ब्यकरणिक तत्वगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | शब्दभण्डार | ८ | १० | २५ | ३२ % | |
| | वर्णविन्यास | ७ | ११ | २५ | २८ % | |
| | संङ्गति | ६ | १२ | २५ | २४ % | |
| | वाक्यगठन | ६ | १२ | २५ | २४ % | |
| | अनुच्छेदगठन | ६ | १२ | २५ | २४ % | |
| | | | | | | |
| | | | | | | |

## निष्कर्ष

शुभकामनात्मक शब्द प्रयोगका क्षेत्रमा विद्यार्थीहरु कमजोर छन् । जुम्ली भाषाको कथ्यगत शब्दावलीको समेत केही प्रयोग गरेका छन् । जनमदिन, चायोको जस्ता शब्दावलीहरु प्रयोग छन् । साथै, शुभकामनाका लागी भयको जन्मस्थान तिमलाई जस्ता वर्ण विन्यासगत त्रुटि गरेका छन भने् उत्तर उत्तर प्रगति गर्दछु , तिमिकिन आउनु भएन, तिमो जन्मदिन बैशाख १८ गतेका दिन जन्मेको होनी जस्ता संङ्गतिगत त्रुटि समेत गरेका छन् । तिमिलाई जन्मदिनका लागी केही पनि उपहार दिन सकिन साथी तिमि टाढा भएकाले फोनबाट तिमिलाई यस्ता अपुरा वाक्य लेखेका छन् भने शुभकामनात्मक अनुच्छेदगठन नभएर यस्तत अनुच्छेदहरु अधिकाशंले तयार पारेका छन् । साथि आजको यसदिन तिमो जन्मदिन मिति

२०६०।४।१७ गतेका दिन भएकाले खासत साथि तिमिलाई तिमोजन्मदिनका लागी केही पनि उपहार दिन सकिने जस्तो अनुच्छेद

शुभकामना पत्र लेखनको आन्तरिक संरचनामा ५३.७३% विद्यार्थीहरु लेखन क्षमतामा सक्षम छन् । ४६.२७% विद्यार्थीहरु जन्म दिनको शुभकामना पत्र लेखनमा कमजोर रहेका छन् ।आन्तरिक संरचनामा रहने मिति, विषय, सम्बोधन संरचना शैलीमा केन्द्रित बुँदा कुन मितिको के विषयमा कसलाई शुभकामना दिएको हो स्पष्ट नलेख्नु मिति लेख्नु के को शुभकामना हो नखुलाउनु कसलाई लेखिएको हो वा दिईएको हो सम्बोधन नगर्नु जन्मदिनको शुभकामनाको शसंरचनामा रहेर शुभकामना को शैलीमा नलेखेर वहकाउको शैली लेख्नु विद्यार्थीहरुको शुभकामना पत्र लेखनको आन्तरिक संरचना रहेको कमजोरी हुन ।

शुभकामना पत्रको विषयवस्तुगत प्रस्तुतिमा सन्देश , प्रस्तुति , भाषा विषयवस्तुको कम समापनका आधारमा रहेर विद्यार्थीहरुको लेखन मूल्याङकन गर्दा ४९.९६% विद्यार्थीहरु लेखन क्षमताका छन् भने ५०.०४% विद्यार्थीहरु शुभकामना पत्रको विषयवस्तुगत प्रस्तुतिमा कमजोर क्षमता भएका छन् । शुभकामनाका माध्यमबाट कस्तो सन्देश दिन खोजेको अलमलिएको लेखाई, स्पष्ट आकर्षक प्रस्तुतिको अभाव, घुमाउरो भाष, कम मिलाएर विषयवस्तु उल्लेख गर्न नसक्नु , जन्मदिनको उपलक्ष्यमा दीर्घायु ,सुस्वास्थ्य उन्नति प्रगति को कामना सहित शुभकामना प्रकट गरेर समापन गरिनु पर्नेमा चिठ्ठीको भाषा लेखाइ टुङ्याउनले शुभकामना पत्र लेखनको विषयवस्तुमा प्रस्तुतिगत कमजोरी आधा जति विद्यार्थीहरुमा रहेको छ ।

शुभकामना पत्र लेखनमा ब्याकरणिक तत्वगत क्षमता ४१.५३% विद्यार्थीहरुमा मात्र रहेको छ । ५८.४७% विद्यार्थीहरु ब्याकरणिक तत्वगत क्षमतामा कमजोर रहेका छन् । शुभकामना प्रयूक्त हुने शब्दभण्डारको कमी वर्णविन्यासगत त्रुटि , संङगतिगत कमजोरी वाक्यगठन र अनुच्छेदगठन मिलाउन नसक्नु जन्मदिनको शुभकामना पत्र लेखनमा रहेको ब्याकरणिक तत्वगत कमजोरीहरु हुन ।

लेखेर शुभकामना पत्र तयार पारेका छन् । कतिपय विद्यार्थीहरुले शुभकामनापत्र नै लेखेका छैनन । यसरी श्री भैरव मा.वि. धुपीढुस्का , जुम्लाका माध्यामिक तह कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको शुभकामना पत्र लेखनमा ब्याकरणिक तत्वगत लेखन क्षमता भएका विद्यार्थीहरु को संख्या औसतमा २६.४% प्रतिशत छ भने ब्याकरणिक तत्वगत लेखनक्षमतामा कमजोर रहेका छन् ।

## व्यावहारिक लेखनका समस्याहरु

जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकाका चार वटा विद्यालयका माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुको शुभकामना पत्र लेखन क्षमताको अध्ययन गरिसकेपछि व्यावहारिक लेखनमा कमजोरी शुभकामना पत्र लेखन कै सर्न्दभमा उक्त चार विद्यालयका नेपाली भाषाका माध्यामिक तह कक्षा १० मा अध्ययनरत शिक्षकहरुसंगको प्रश्नावलीका आधारमा प्राप्त लिखित उत्तरका आधारमा शुभकामना पत्र लेखनका समस्याहरु निरुपण गरिएको छ । व्यावहारिक लेखनका समस्याहरुको पहिचान विषय क्षेत्रका आधारमा गरिएको छ पाठ्यक्रम सम्बद्ध समस्याः शुभकामना पत्र लेखनको सुरु शुभकामना पत्र लेखन र पाठ्यक्रम शुभकामना पत्र लेखन र विषय क्षेत्र विषय क्षेत्रको उपयुक्तता शिक्षण सम्बद्ध समस्याः सिद्धान्तपरक शिक्षणको कमी अभ्यास शिक्षण नहुनु सिकाइ सम्बद्ध समस्याः ज्ञानात्मक सिकाईको अभाव हुनु मुख्य समस्याका रुपमा रहेको छ ।

## समाधानका उपायहरु

माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुको शुभकामना पत्र लेखनमा देखिएका समस्याहरुलाई समाधान गर्न एवम् उनीहरुको लेखन क्षमता अभिबृद्धि गर्न अपनाउनु पर्ने उपायहरु : पाठ्यक्रमसँग सम्बन्धित भएर : व्यावहारिक लेखनलाई विशिष्टीकृत गरिनुपर्ने । विषय क्षेत्रमा शुभकामना पत्र लेखनका प्रचलित विषय थप्नुपर्ने । शिक्षण विधि : सिकारु सक्रिय शिक्षण विधि अवलम्बन गरिनुपर्ने । शिक्षण सामग्रीमा : विषय क्षेत्र अनुरुपका यथेष्ट शिक्षण सामग्रीको प्रयोग गरी शिक्षण सिकाइ गतिविधि संचालन गर्नुपर्ने । शिक्षण सिकाइ क्रियाकलाप :सैद्धान्तिक, संरचनात्मक र ज्ञानात्मक शिक्षण सिकाइ क्रियाकलाप गरिनुपर्ने । व्यवहारोपयोगी लेखन अभ्यास गराइनुपर्ने अनिवार्यता छ । यसले लेखन अभ्यासमा निखार ल्याउन मद्दत गर्दछ साथै लेखन क्षमता अभिवृद्धिमा सहयोग पुग्दछ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०५३), *नेपाली भाषा शिक्षण* : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६४), *प्रारम्भिक नेपाली* : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य , इन्दिरा (२०६९), *म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निवेदन लेखन क्षमताको अध्ययन* , त्रि. वि. : नेपाली भाषा शिक्षा विभाग ।

ओझा, रामनाथ (२०७५), *व्यावहारिक लेखन तथा सम्पादन* , : करुधरा पब्लिकेसन प्रा. लि. ।

खनाल, पेशल (२०६७), *अनुसन्धान पद्धति* , : सनलाइट पब्लिकेसन ।

खनाल, श्रीराम (२०६९), *विज्ञापन, जनसम्पर्क र मिडियाका मुद्दाहरु* : विद्यार्थी पुस्तक भण्डार ।

घर्ती, शशिराम (२०६९), *रुकुम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन,* त्रि. वि : नेपाली भाषा शिक्षा विभाग ।

जोशी, दुर्गाकुमारी (२०७३) *बजाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरुको सूचना लेखन क्षमताको अध्ययन,* त्रि. वि. : नेपाली भाषा शिक्षा विभाग ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७), *नेपाली भाषा शिक्षण* : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन* : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, तारादेवी (२०६९), *स्याङ्जा जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन,* त्रि. वि. : नेपाली भाषा शिक्षा विभाग ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन* : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, लक्ष्मी (२०६९) *तनहुँ जिल्ला कक्षा आठ पुरा गरेका विद्यार्थीहरुको निवेदन लेखन क्षमताको अध्ययन,* त्रि. वि. : नेपाली भाषा शिक्षा विभाग ।

लम्साल, रामचन्द्र र अन्य (२०६२), *नेपाली भाषा शिक्षण* : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०५७), *नेपाली भाषा शिक्षण परिचय* : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र अन्य (२०६५), *अनिवार्य नेपाली* : अस्मिता पब्लिकेसन पा. लि. ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *शोधविधि* : साझा प्रकाशन ।

Best, j . w . and kahn, j . v . (1999) . *Research in Education*($7^{th}$ ed .) : Prentice Hall of India .

Kumar, R . (1999) . *Research Methodology* : Sage Publication